सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मंत्रालय
स्वास्थ्य निर्देशनालय
टीकापुर अस्पताल
टीकापुर कैलाली,नेपाल ।

०९१-५६०४८८
tikapurhospital@gmail.com
tikapurhospital.gov.np

सुदूरपश्चिम प्रदेश सरकार सामाजिक विकास मन्त्रालय स्वास्थ्य निर्देशनालय टीकापुर अस्पताल टीकापुर, कैलाली

# बोलपत्र आह्वान सम्बन्धी सुचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०८/०९ गते)**

टीकापुर अस्पतालको लागि चालु आ.व. २०८२/०८३ मा आवश्यक पर्ने फार्मेसीको लागि औषधीहरु तथा सर्जिकल सामानहरु विद्युतीय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले नवीकरण भएको फर्मदर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र, औषधि व्यवस्था विभागमा दर्ता र आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र (म्याद थप सहित) प्राप्त गरेका इच्छुक इजाजत प्राप्त सप्लायर्स, बिक्रेता, व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको विद्युतीय बोलपत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै बोलपत्र सम्बन्धी अन्य बिस्तृत जानकारी (सुचनाका शर्तहरु) बोलपत्रसाथ संलग्न राखिएको ब्यहोरा सुचित गरिन्छ।

**शर्तहरुः**

१. विद्युतीय बोलपत्र तपसिल उल्लेखित मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत उक्त बेवसाइटमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै हार्ड कपिलाई स्वीकार गरिने छैन ।

२. इच्छुक बोलपत्रदाताले श्री राष्ट्रिय वाणिज्य बैंक धनगढी शाखामा रहेको खाता नं. १०००१००२०००१०००० (कार्यालय कोड ३५००२७७०२७) राजश्व शिर्षक नं. १४२२९ मा रु. ३,०००/- (अक्षरुपी तिन हजार मात्र ।) (फिर्ता नहुने गरी) जम्मा गरेको बोलपत्र दस्तुरको बैंक स्क्यान गरि भरिएको बोलपत्रसाथ अपलोड गर्नुपर्नेछ ।

३. Upload भएका विद्युतीय बोलपत्रहरु ३१औं दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि विद्युतीय बोलपत्र खोल्न वाधा पर्ने छैन ।

४. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेपछि उक्त कार्यहरु क्रमशः हुनेछ ।

५. जमानत वापतको रकम राष्ट्रिय बाणिज्य बैंक धनगढी स्थित श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय धनगढी, कैलालीको हि.नं. ४१७०१००२०२०३०००० 'ख' २ धरौटी खाता (यस अस्पतालको कार्यालय कोड नं. ३५००२७७०२७) मा जम्मा गरेको बैंक भौचरको स्क्यान कपि वा मान्यता प्राप्त बैंकबाट १२० दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) को स्क्यान कपि बोलपत्र साथ अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ । अलग अलग प्याकेजको लागी अलग अलग बैंक जमानत पत्रहरु अपलोड गर्नुपर्नेछ ।

६. बोलपत्रदाताले कबोल गरेको दररेट (मु.अ. कर वाहेक) अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दरलाई मान्यता दिईनेछ । कतै केरमेट वा थपघट गर्नुपर्ने भए बुझिने गरी काटी सो काटिएको ठाउँमा दायाँ बायाँ आधिकारिक व्यक्तिको हस्ताक्षर हुनुपर्नेछ। साथै बोलपत्रको BOQ को प्रत्येक पानामा फर्मको छाप एवं आधिकारिक व्यक्तिको दस्तखत भएको हुनुपर्नेछ ।

प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

७. बोलपत्र भर्दा आइटम अनुसार मिलाई मूल्य भर्नुपर्नेछ। बोलपत्र भर्दा औषधि तर्फ WHO/GMP/USFDA/ISO Certified Company हरुको मात्र भर्नु पर्नेछ। छनौट हुने औषधी Department of Drug Administration मा दर्ता तथा नवीकरण भएको हुनुपर्नेछ। बोलपत्र स्वीकृत गर्दा आइटम उल्लेखित कम्पनीको वा सो सरह कम्पनीको सबैभन्दा न्यूनतम मूल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही भनी थेराप्युटिक समितिले सिफारिस गरेको बोलपत्रको आइटम स्वीकृत गरी सम्झौता गरिनेछ ।

८. BOQ मा दरभाउ भर्दा उल्लेखित सम्पुर्ण तालिकाहरु पुर्ण रुपले भर्नुपर्नेछ ।

९. बोलपत्रदाताले उत्पादन कम्पनी कोट गर्दा माग भए अनुसारको Composition/Strength/Volume मिल्ने गरी कोट गर्नुपर्नेछ, अन्यथा सोही गुणस्तरको माग भए अनुसारको Composition/Strength/Volume मिल्ने सामान खरिद गरिनेछ, यसबाट पर्नजाने क्षतिको जिम्मेवार सम्बन्धित बोलपत्रदाता फर्म, कम्पनी नै हुनेछ।

१०. बोलपत्रमा उल्लेखित औषधीजन्य सामानहरु अस्पतालले आफ्नो आवश्यकता अनुसारको परिमाण पटक पटक गरी स्वीकृत दररेटमा खरिद आदेश दिनेछ । खरिद गरिने सामानको परिमाण घटी वा बढी पनि हुन सक्नेछ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने आंशिक आइटम मात्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस अस्पतामा सुरक्षित रहनेछ । जुन जुन कम्पनीका आइटम अनुसार दररेट स्वीकृत भयो सोही अनुसारको औषधी तथा औषधीजन्य सामाग्रीहरु आपुर्ति गर्नुपर्नेछ ।

१२. बोलपत्रको स्वीकृत आइटमहरु खरिद आदेश पाएको मितिले १० दिन भित्र यस अस्पतालमा दाखिला गर्नुपर्नेछ अन्यथा उक्त औषधी तथा औषधीजन्य सामाग्रीहरु अस्पतालले बजारबाट सिधै खरिद गर्नेछ । त्यसरी खरिद गर्दा बोलपत्रमा उल्लेखित मुल्य भन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकमबाट वा भुक्तानी गर्न बाँकी रकमबाट असुल उपर गरिनेछ ।

१३. खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात दरभाउपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्दछ ।

१४. बोलपत्र खरिद गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खोलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ ।

१५. बोलपत्रदाताले उपलब्ध गराउने सामाग्री प्राविधिक स्पेशिफिकेशन अनुरुप हुनुपर्नेछ ।

१६. औषधी, औषधीजन्य दाखिला गर्दा १८ महिनाको Expiry Date वा छोटो अवधीको औषधीमा ७५% अवधी बांकी हुनुपर्नेछ ।

१७. बोलपत्रदाताको सम्झौता अवधी समाप्त भए पनि आपुर्ति गरीएको औषधी तथा औषधीजन्य सामाग्रीहरु Expiry हुन ३ महिना बांकी हुदा फिर्ता लिई सोही परिमाण बराबारको औषधी, औषधीजन्य सामाग्रीहरु आपुर्ती गर्नुपर्नेछ । ३ महिना बांकी हुदाँउ फिर्ता लिइ सोहि परिमाण बराबरको औषधी, औषधीहर सामानहर आपुर्ती गर्नुपर्नेछ । ३ महिना वाकी हुदा औषधी तथा औषधीजन्य सामाग्रीहरु फिर्ता लिन नआएमा सो वाफत भएको Expired औषधी बापतको रकम, बील भुक्तानी दिदा कट्टा गरी भुक्तानी दिन बाधा गर्ने छ ।

१८. औषधीको गुणस्तरमा कुनै शंका लागेमा बोलपत्रदाताले आफ्नै खर्चमा गुणस्तर परिक्षण गर्नुपर्नेछ । आपुर्ती गरिने औषधी, औषधीजन्य सामाग्रीहरुको प्रत्यक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, Batch No. आदी उल्लेख भएको हुनुपर्नेछ । सुचिमा उल्लेख भएका सामानहरुको गुणस्तर जाँच प्राविधिक समितिले छुट्टाछुट्टै मुल्यांकन गर्ने छ । उल्लेखित मुल्य र ब्राण्ड प्राविधिक समितिले सिफारिस गरेको मात्र हुनेछ ।

१९. औषधी तथा औषधीजन्य सामाग्रीहरुको हकमा अनिवार्य रुपमा अधिकतम बिक्री मुल्य उल्लेख भएको हुनुपर्नेछ ।

२०. WHO/GMP/USFDA/ISO Certified Company को औषधी तथा औषधीजन्य सामाग्रीहरु मात्र आपुर्ति गर्नुपर्नेछ । बोलपत्रमा सहभागी हुने बोलपत्रदाताहरुले औषधीजन्य सामाग्रीहरुको अनिवार्य रुपमा WHO-

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
टीकापुर अस्पताल
टीकापुर, कैलाली

प्रमुख मेडिकल सुपरिटेन्डेण्ट

GMP,USFDA प्राप्त (नविकरण सहितको) प्रमाणपत्र पेश गर्नपर्नेछ । साथै सम्पनीको आधीकारिक अथोराइजेशन (Authorized Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२१. स्वीकृत बोलपत्रदाताले अर्को पटकको टेण्डर नहुदा सम्म अहिले स्वीकृत बोलपत्रको दररेटमा कुनैपनि वृद्धी नगरी सामान उपलब्ध गराउनु पर्नेछ ।

२२. आपुर्तिकर्ता फर्म/कम्पनीबाट सप्लाई भएका सामानहरु प्राविधिक निरिक्षण, परिक्षण गर्दा संझौतामा उल्लेखित सामान तोकिएको स्पेशिफिकेशन तथा गुणस्तर बमोजिमको नभएमा सामान फिर्ता गरी सम्झौता रद्द गरिनेछ । साथै आपुर्ति भएको औषधीहरुको कारणबाट कुनै पनि बिरामीलाई प्रति असर (Side Effect) भई थप उपचार गराउनु परेमा, निजको मृत्यु भएमा आपुर्तिकर्ता जिम्मेवार हुनुपर्नेछ ।

२३. यस सुचनामा उल्लेख हुन छुट भएका अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (अन्तिम संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (अन्तिम संशोधन सहित) तथा प्रचलित कानुन अनुसार हुनेछ ।

२४. शर्त रहेका रित नपुगेका तथा म्याद नाघी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन । एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट जम्मा गर्न पाईने छैन ।

२५. इच्छुक बोलपत्रदाताहरुले यस अस्पतालबाट अन्य थप जानकारी हासिल गर्न सक्नेछ ।

**ठेक्का विवरण**

| सि. न. | ठेक्का नं | कामको विवरण | जमानत रकम | बोलपत्र दस्तुर | बोलपत्र दाखिला गर्ने अन्तिम दिन | बोलपत्र खुल्ने दिन |
|---|---|---|---|---|---|---|
| 1 | TH/Kailali/NCB/Goods/02/2082-083 | Therapeutic Agent for Neuro-psychiatric, Endocrinological & Cardiovascular disorders/ (Package 1) | 594,094.96 | 3000 | 12/26/2025 12:00PM(२०८२।०९।११ दिउसो १२बजे) | 12/26/2025 2:00:00 PM (२०८२।०९।११ दिउसो २ बजे) |
| 2 | | Therapeutic Agent for Dermatological and Microbial Infection / (Package 2) | 498,162.34 | | | |
| 3 | | Therapeutics Agent for Gastrointestinal Disorder, Ear, Nose Throat & Respiratory Disorders/ (Package 3) | 240,093.50 | | | |
| 4 | | Therapeutics Agent for the Musculoskeletal disorders & Micronutrient Deficiencies & Miscellaneous Agent / (Package 4) | 242,213.34 | | | |
| 5 | | Injectable Therapeutic Agent in Toxicology, Critical Care & Emergency Medicine (Package 5) | 313,841.41 | | | |
| 6 | | Surgical Instruments & Orthopedic Items (Package 6) | 307,316.15 | | | |
| **Total Bid Bond** | | | 2,195,721.7 | | | |

मेडिकल सुपरिटेन्डेण्ट

डा. रेम कुमार राई

प्रमुख कन्सल्टेण्ट अर्थोपेडिक सर्जन(एघारौं)

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
टीकापुर अस्पताल
टीकापुर, कैलाली